New Curriculum

puspas.com.np

# कक्षा ११ नेपाली

# पाठ १२: जलस्रोत र ऊर्जा

# अभ्यास

puspas.com.np

# INDEX

## शब्दभण्डार

## बोध र अभिव्यक्ति

## व्याकरण

puspas.com.np

## शब्दभण्डार

### १. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

उत्तरः

| | | |
|---|---|---|
| अथाह | – | ज्यादै धेरै |
| नौका | – | डुङ्गा |
| अलावा | – | अतिरिक्त |
| अख्तियार | – | नियम आनुनद्वारा दिइएको अधिकार |
| नित्य | – | सधैँ |
| सर्वेक्षण | – | कुनै विषयको तथ्यपूर्ण जानकारीका लागि गरिने निरीक्षण |
| निकाय | – | कुनै संस्था वा सदन |

**२. मिना अयरको वक्तृता पढी दिइएको खाली ठाउँमा मिल्ने शव्द भर्नुहोस् :**

क. नेपाल प्राकृतिक ....... दृष्टिले संसारकै एउटा धनी देश हो ?

उत्तर : नेपाल प्राकृतिक **सम्पदाका** दृष्टिले संसारकै एउटा धनी देश हो ।

ख. घरायसी रुपमै पनि जलविद्युत्को खपत बढाउन ...... नीति ...... गर्नु जरुरी छ ।

उत्तर : घरायसी रुपमै पनि जलविद्युत्को खपत बढाउन **हौस्याउने** नीति **अख्तियार** गर्नु जरुरी छ ।

ग. ....... आदिको सुविधाले नेपालको पर्यटनलाई दरिलो बनाएको छ ।

उत्तर : **नौका विहार** आदिको सुविधाले नेपालको पर्यटनलाई दरिलो बनाएको छ ।

घ. नेपालको अर्थतन्त्र ....... हुन्छ र देशोन्नतिका सिँढीहरु थपिन्छन् ।

उत्तर : नेपालको अर्थतन्त्र **चलायमान** हुन्छ र देशोन्नतिका सिँढीहरु थपिन्छन् ।

ङ. नेपालको विकासमा ...... सर्वोपरि महत्त्व छ ।

उत्तर : नेपालको विकासमा **जलस्रोतको** सर्वोपरि महत्त्व छ ।

puspas.com.np

puspas.com.np

३. दिइएका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

उत्तर:

| शब्द | | उल्टो अर्थ दिने शब्द |
|---|---|---|
| कृत्रिम | – | प्राकृतिक |
| विपन्न | – | सम्पन्न |
| प्राचीन | – | आधुनिक |
| साँघुरो | – | फराकिलो |
| आन्तरिक | – | वाह्य |
| सङ्कुचन | – | विस्तार |
| कुरुप | – | सुन्दर |
| सदुपयोग | – | दुरुपयोग |
| व्यय | – | आय |
| अटुट | – | अटल |
| विष | – | अमृत |

**८. दिइएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

**उत्तर:**

| | | |
|---|---|---|
| **मञ्चासीन** | – | म सधैं औपचारिक कार्यक्रममा **मञ्चासीन** व्यक्तिहरुलाई सम्बोधन गर्ने गर्दछु । |
| **द्रुततर** | – | औद्योगिक क्रान्तिबिना देशको विकासले **द्रुततर** गति लिन सक्दैन । |
| **सामर्थ्य** | – | नेपालको जलस्रोतमा अथाह ऊर्जा उत्पादन गर्ने **सामर्थ्य** छ । |
| **खपत** | – | हामीले घरायसी रुपमा विद्युतको **खपत** गरी इन्धनको परनिर्भरता तोड्न सकिन्छ । |
| **पैनी** | – | हामीले परम्परागत रुपमा **पैनी**को प्रयोग गरी धान खेतमा पानी लगाउँछौं। |
| **उर्वरा** | – | खेतबारीको **उर्वरा**शक्ति बढाउन जैविक मल र जैविक विषादीको प्रयोग गर्नुपर्दछ । |
| **अभियान** | – | सबैले आफ्नो गाउँ आफैं बनाऔं भन्ने **अभियान** चलाएमा गाउँको मुहार फेरिन्छ। |
| **सङ्कट** | – | नेपालमा कोभिड १९ को प्रभावका कारण स्वास्थ्य **सङ्कट**को अवस्था देखिँदै छ । |
| **गगनचुम्बी** | – | **गगनचुम्बी** हिमालहरु नेपालको पर्यटन व्यवसायका आधार हुन् । |
| **अन्नामृत** | – | हामीले कृषिविना पोषणयुक्त **अन्नामृत** प्राप्त गर्न सक्दैनौं । |
| **निर्यात** | – | जलस्रोतको धनी देश नेपालले विद्युत **निर्यात** गरेर आयआर्जन गर्न सक्दछ । |

puspas.com.np

**५. तल दिइएका पदावलीहरुको प्रयोग गरी अनुच्छेद लेख्नुहोस् :**

**सेतो सुन, कृषिजन्य उत्पादन, पर्यटकीय गन्तव्य, देशोन्नतिका सिँढीहरु, प्रकृतिको छटा, फेवाको फैलावट, सम्पन्नताका ढोकाहरु, राराको रमिता, गण्डकीको गहिराइ, चमत्कारी पानी**

**उत्तर :**

सेतो सुनका रुपमा परिभाषित नेपालको अथाह जलराशिलाई यहाँका उर्वर भूमिमा सिँचाइ गरी कृषिजन्य उत्पादन बढाउन सकिन्छ । नेपालका सुन्दर तालतलैयाहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरी बर्सेनी लाखौं पर्यटकहरु भित्र्याउन सकेमा नेपाली अर्थतन्त्र चलायमान हुनुका साथै देशोन्नतिका सिँढीहरु थपिन्छन् । प्रकृतिको छटाले सुशोभित नेपालका फेवाको फैलावट, राराको रमिता अनि गण्डकीको गहिराइ हाम्रा जलस्रोतका अजस्र भण्डार हुन् । नेपालीहरुले नेपालको चमत्कारी पानीको सही सदुपयोग गर्न सकेमा नेपालीहरुका सम्पन्नताका ढोकाहरु खुल्ने कुरा निर्विवाद नै देखिन्छ ।

puspas.com.np

puspas.com.np

**बोध र अभिव्यक्ति**

**१. जलस्रोत र ऊर्जा पाठ पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

**क. पहिलो वक्ताले र दोस्रो वक्ताले कति कति अनुच्छेदमा आफ्नो प्रस्तुति राखेका छन् ?**

उत्तर : पहिलो वक्ताले र दोस्रो वक्ताले आठ आठ अनुच्छेदमा आफ्नो प्रस्तुति राखेका छन् ।

**ख. वक्तृता सञ्चालनको विधिलाई पाठमा कसरी प्रस्तुत गरिएको छ ?**

उत्तर : प्रधानाध्यापकको अध्यक्षता, तिन जना शिक्षकको निर्णायक मण्डल, एक जना शिक्षक समय पालक, एक जना विद्यार्थी कार्यक्रम सञ्चालक अनि प्रतियोगी एवं अप्रतियोगी विद्यार्थीहरुको सहभागितामा कार्यक्रम सञ्चालन भई निर्णायकको निर्णय एवं सभाध्यक्षबाट पुरस्कार वितरणका साथै कार्यक्रम समापन गरिएकाले वक्तृता सञ्चालनको विधिलाई पाठमा औपचारिक रुपमा प्रस्तुत गरिएको छ ।

**ग. पहिलो वक्ताले जलस्रोतसम्वन्धी कुन कुन सन्दर्भलाई समेटेको छ ?**

उत्तर : पहिलो वक्ताले जलस्रोतसम्बन्धी हिमाल, समुद्र, नदीनाला, झरना, छहरा, तालतलैया, आफैं पानी निस्कने मूलहरु, इनार, ट्युबवेल तथा वर्षाद् जस्ता सन्दर्भलाई समेटेको छ ।

**घ. दुवै वक्ताले वक्तृताका समापन कसरी गरेका छन् ?**

उत्तर : दुवै वक्ताले नेपालले ऊर्जा सङ्कबाट मुक्ति पाउन सेतो सुनका रुपमा परिभाषित जलस्रोतको सही सदुपयोग गर्नुपर्ने, देशविकासमा जलस्रोतको सर्वोपरि महत्त्व रहने, रोजगारका हजारौं सम्भावना जलस्रोतकै उपयोगिताबाट हुने भएकाले यसको सही सदुपयोग गर्नुपर्ने भन्दै देश विकासमा जलस्रोतको महत्त्व दर्शाउँदै वक्तृताका समापन गरेका छन् ।

**ङ. नेपालमा उपलब्ध जलस्रोतहरु के के हुन् ?**

उत्तर : नेपालमा उपलब्ध जलस्रोतहरु हिमाल, नदीनाला, झरना, छहरा, तालतलैया, आफैं पानी निस्कने मूलहरु, इनार, ट्युबवेल, तथा वर्षाद् आदि हुन् ।

**२. "नेपालमा जलस्रोतको ....... वातावरण तयार गर्नुपर्छ" वक्तृतांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

**क. नेपाली जलराशिमा कति मेगावाट विद्युत उत्पादन गर्ने क्षमता छ ?**

उत्तर : नेपालको जलराशिमा ८३ हजार मेघावाटभन्दा बढी विद्युत उत्पादन गर्ने क्षमता छ ।

**ख. के गर्न सके देशको आर्थिक समृद्धि हुने सम्भावना छ ?**

उत्तर : हाम्रो जलस्रोतको सम्पूर्ण क्षमताको पचास प्रतिशत मात्रै विद्युत उत्पादन गर्न सके देशको आर्थिक समृद्धि हुने सम्भावना छ ।

**ग. विद्युत्को खपत कसरी बढाउन सकिन्छ ?**

उत्तर : जलविद्युत्सँग सम्बद्ध उद्योग, कलकारखानाहरु खोल्ने वातावरण बनाउने, घरायसी रुपमै पनि जलविद्युतको खपत बढाउन हौस्याउने नीति अख्तियार गर्ने र उत्पादित जलविद्युत् विदेशसम्म पुर्‍याएर वेच्ने वतावरण तयार गरी विद्युत् खपत बढाउन सकिन्छ ।

**घ. जल विद्युतीकरणका लागि नेपालको भूगोल किन उपयुक्त मानिएको छ ?**

उत्तर : बाह्रै महिना परिरहने हिउँ, नित्यनिरन्तर बगिरहने अथाह जलराशि र भिरालो भौगोलिक बनोटको सहमिलनका कारण जल विद्युतीकरणका लागि नेपालको भूगोल उपयुक्त मानिएको छ ।

puspas.com.np

३. दिइएको वक्तृतांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

क. जलस्रोत र ऊर्जाका क्षेत्रमा दिगो विकास कसरी गर्न सकिन्छ ?

उत्तर :

नेपालका नदीनाला, तालतलैया जलस्रोतका अजस्र भण्डार हुन् । नेपालकै भूमिमा रहेका जीवनदायिनी नदीबाट जलविद्युतीय ऊर्जा उत्पादन एवं उपभोग गरी पेट्रोलियम पदार्थको खपत न्यूनीकरण गरी व्यापार घाटा रोक्न सकिन्छ । जलस्रोत ऊर्जाका क्षेत्रमा दीगो पूर्वाधार विकासका नीति, नियम तथा योजनाहरु निर्माण गरी स्रोत र साधनको प्रचुर प्रयोग गरेर विदेशिने युवा शक्तिलाई रोजगारीका अवसरहरु सिर्जना गरी युवा श्रमशक्ति परिचालन गरी उत्पादित जलऊर्जा बेचेर वैदेशिक मुद्रा आर्जन गर्नुका साथै राष्ट्रलाई औद्योगीकरणतर्फ अगाडि बढाई राष्ट्रिय समृद्धिका ढोका खोलेर जलस्रोत र ऊर्जाका क्षेत्रमा दिगो विकास गर्न सकिन्छ ।

puspas.com.np

## ख. राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको कस्तो भूमिका रहन्छ ?

उत्तर :

नेपाल जलस्रोतमा विश्वकै दोस्रो धनी देश हो । नेपालको भूमिमा ६ सय भन्दा वढी नदीहरु बाह्रै महिना निरन्तर बगिरहन्छन् । यिनै नदीनालाहरुलाई कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य भूमिमा सिँचाइ गरेर प्रशस्त अन्न उत्पादन गरिरहेका छौं । हामीले भूमिको उर्वराशक्ति अझै बढाएर कृषिजन्य उत्पादन बढाउन सिँचाइलाई आधुनिक र प्रविधिमैत्री बनाउन सकेमा खाद्यान्नमा आत्मनिर्भर हुन सक्छौं । सिँचाइको उचित व्यवस्थापन गरेर धर्तीको उर्वराशक्ति बढाई प्रशस्त खाद्यान्न उत्पादन गरी विदेशमा निर्यात गरी वैदेशिक मुद्रा आर्जन गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सक्छौं । खाद्यान्न आयात गर्दा विदेशिने पुँजीलाई रोक्न सक्छौं । कृषि उत्पादनको वृद्धिसँगै औद्योगिक कच्चा पदार्थ स्वदेशमा नै उत्पादन भई लागत कम हुन गई उद्योगधन्दा फस्टाउँछन् अनि उत्पादित वस्तुको निर्यातबाट राष्ट्रको अर्थतन्त्रमा टेवा पुग्छ । रोजगारका अवसरहरु सिर्जना हुन्छन् अनि राजस्वमा वृद्धि हुन्छ । यसरी हेर्दा राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको महत्त्वपूर्ण भूमिका रहन्छ ।

puspas.com.np

## ख. राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको कस्तो भूमिका रहन्छ ?

उत्तर :

नेपाल जलस्रोतमा विश्वकै दोस्रो धनी देश हो । नेपालको भूमिमा ६ सय भन्दा बढी नदीहरु बाह्रै महिना निरन्तर बगिरहन्छन् । यिनै नदीनालाहरुलाई कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य भूमिमा सिँचाइ गरेर प्रशस्त अन्न उत्पादन गरिरहेका छौँ । हामीले भूमिको उर्वराशक्ति अझै बढाएर कृषिजन्य उत्पादन बढाउन सिँचाइलाई आधुनिक र प्रविधिमैत्री बनाउन सकेमा खाद्यान्नमा आत्मनिर्भर हुन सक्छौँ । सिँचाइको उचित व्यवस्थापन गरेर धर्तीको उर्वराशक्ति बढाई प्रशस्त खाद्यान्न उत्पादन गरी विदेशमा निर्यात गरी वैदेशिक मुद्रा आर्जन गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सक्छौँ । खाद्यान्न आयात गर्दा विदेशिने पुँजीलाई रोक्न सक्छौँ । कृषि उत्पादनको वृद्धिसँगै औद्योगिक कच्चा पदार्थ स्वदेशमा नै उत्पादन भई लागत कम हुन गई उद्योगधन्दा फस्टाउँछन् अनि उत्पादित वस्तुको निर्यातबाट राष्ट्रको अर्थतन्त्रमा टेवा पुग्छ । रोजगारका अवसरहरु सिर्जना हुन्छन् अनि राजस्वमा वृद्धि हुन्छ । यसरी हेर्दा राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको महत्त्वपूर्ण भूमिका रहन्छ ।

puspas.com.np

# उद्देश्य र विधेय

- उद्देश्य भनेको कर्ता हो भने विधेय भनेको क्रिया (समापिका क्रिया) हो ।
- उद्देश्यको अगाडि आएर उद्देश्यको बारेमा थप कुरा बताउन प्रयोग गरिएका पदहरू उद्देश्य विस्तारक हुन् भने क्रियाको अगाडि आएर क्रियाको बारेमा थप कुरा बताउन प्रयोग गरिएका पदहरू विधेय विस्तारक हुन्।
- जस्तै : मेरो असाध्यै मिल्ने साथी आज विहानै घर आयो ।

| क्र. सं. | उद्देश्य खण्ड | | विधेय खण्ड | |
|---|---|---|---|---|
| | उद्देश्य विस्तारक ⬅ | उद्देश्य ➡ | विधेय विस्तारक | विधेय |
| १. | – | साथी | – | आयो । |
| २. | मेरो असाध्यै मिल्ने | साथी | आज विहानै घर | आयो । |
| ३. | – | भाइ | – | पढ्छ । |
| ४. | अध्ययनशील मेरो | भाइ | असाध्यै धेरै | पढ्छ । |

puspas.com.np

१. दिइएका वाक्यबाट उद्देश्य र विधेय भाग छुट्याउनुहोस् :

(क) युवाशक्ति विदेशिन बाध्य छन् ।

उत्तर : उद्देश्य – युवाशक्ति, विधेय – छन्

(ख) जलका विभिन्न स्वरुप हुन्छन् ।

उत्तर : उद्देश्य – जलका, विधेय – हुन्छन्

(ग) जलस्रोतको सदुपयोग गर्न सके विश्वका बेरोजगारहरू यहाँका फाँटमा भेडा, बाख्रा, चौंरी चराउन आउने छन् ।

उत्तर : उद्देश्य – बेरोजगारहरू, विधेय – आउने छन्

(घ) अन्य वक्ताले पनि आफ्नो वक्तव्य राख्नुहुन्छ ।

उत्तर : उद्देश्य – वक्ता, विधेय – राख्नुहुन्छ

(ङ) सभाध्यक्षको भूमिकामा रहनुभएको प्रधानाध्यापकले पुरस्कार वितरण गरिसकेपछि आफ्नो मन्तव्यसहित कार्यक्रम टुङ्ग्याउनुहुन्छ ।

उत्तर : उद्देश्य – प्रधानाध्यापक, विधेय – टुङ्ग्याउनुहुन्छ

puspas.com.np

२. दिइएका वाक्यबाट उद्देश्य र उद्देश्य विस्तार, विधेय र विधेय विस्तार खण्ड छुट्याएर लेख्नुहोस् :

(क) उसकी बहिनी निर्वाचन समितिमा बस्दिनन् रे ।

उत्तर : उद्देश्य – बहिनी, उद्देश्य विस्तार – उसकी
विधेय – बस्दिनन्, विधेय विस्तार – निर्वाचन समितिमा

(ख) धेरै बेरपछि मनलाई दरो पारी ऊ आँगनतिर गई ।

उत्तर : उद्देश्य – ऊ, उद्देश्य विस्तार – धेरै बेरपछि मनलाई दरो पारी
विधेय – गई, विधेय विस्तार – आँगनतिर

(ग) आज विहान हिंडेको मान्छे छिटै नै दार्चुला पुगेछ ।

उत्तर : उद्देश्य – मान्छे, उद्देश्य विस्तार – आज विहान हिंडेको
विधेय – पुगेछ, विधेय विस्तार – छिटै नै दार्चुला

(घ) गाउँमा तिम्रो पहिरन गजबको देखिन्छ ।

उत्तर : उद्देश्य – पहिरन, उद्देश्य विस्तार – गाउँमा तिम्रो
विधेय – देखिन्छ, विधेय विस्तार – गजबको

puspac.com.np

puspas.com.np

# व्याकरणात्मक कोटि

**१. दिइएको अनुच्छेदका वाक्यहरूको लिङ्ग परिवर्तन गर्नुहोस् :**

मेरो भाइ विद्यालय गयो । मेरी बहिनी पनि विद्यालय गई । भाइ सरासर कक्षामा पस्यो । बहिनी चाहिँ बाटामा साथीसँग कुरा गर्न थाली । भान्जाले बाटामै बहिनीलाई भेटे । आमाले पनि बहिनीलाई बाटामै भेट्नुभयो ।

**उत्तर :**

मेरी बहिनी विद्यालय गई । मेरो भाइ पनि विद्यालय गयो । बहिनी सरासर कक्षामा पसी । भाइ चाहिँ बाटामा साथीसँग कुरा गर्न थाल्यो । भान्जीले बाटामै भाइलाई भेटिन् । बाबाले पनि भाइलाई बाटामै भेट्नुभयो ।

२. दिइएका वाक्यहरूलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :

(क) जेठो छोरो आउँदै छ । (स्त्रीलिङ्ग)

उत्तर : जेठी छोरी आउँदै छे ।

(ख) उसकी बहिनी घरमा बसेकी छे । (पुलिङ्ग)

उत्तर : उसको भाइ घरमा बसेको छ ।

(ग) तिम्रा छोराहरू असल छन् । (स्त्रीलिङ्ग)

उत्तर : तिम्रा छोरीहरू असल छन् ।

(घ) सानी नानी पानी भर्छिन् । (पुलिङ्ग)

उत्तर : साना बाबु पानी भर्छन् ।

puspas.com.np

### ३. दिइएको अनुच्छेदका वाक्यहरूको वचन परिवर्तन गर्नुहोस् :

मैले गाउँमा मेरो पुरानो साथीलाई भेटेँ । हामीले धेरबेर कुरा गर्‍यौँ । साथीले आफ्नो प्रगतिको कथा सुनायो । तिमी पनि एकछिनमा आइपुग्यौ । उसले तिमीलाई चिनेन । तिमीहरूले एकअर्कालाई बिर्सेछौ ।

उत्तर :

हामीले गाउँमा हाम्रा पुराना साथीलाई भेट्यौँ । मैले धेरबेर कुरा गरेँ । साथीहरूले आफ्ना प्रगतिका कथा सुनाए । तिमीहरू पनि एकछिनमा आइपुग्यौ । उनीहरूले तिमीहरूलाई चिनेनन् । तिमीले उनलाई बिर्सेछौ ।



puspas.com.np

puspas.com.np

४. दिइएका वाक्यहरूलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :

(क) सानो छोरो रोयो । (बहुवचन)

उत्तर : साना छोराहरू रोए ।

(ख) तिम्रा बहिनीहरू खेल्छन् । (एकवचन)

उत्तर : तिम्री बहिनी खेल्छिन् ।

(ग) त्यो फूल ओइलियो । (बहुवचन)

उत्तर : ती फूलहरू ओइलिए ।

(घ) असल मान्छेहरू नम्र हुन्छन् । (एकवचन)

उत्तर : असल मान्छे नम्र हुन्छ ।

५. दिइएका वाक्यहरूलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :

(क) हामीले सर्प र बिच्छी देखेका छौँ । (तृतीय पुरुष)

उत्तर : उनीहरूले सर्प र बिच्छी देखेका छन् ।

(ख) हजुर किन हास्नुभयो ? (प्रथम पुरुष)

उत्तर : म किन हाँसें ?

(ग) उहाँ राम्ररी बोल्नुहुन्छ । (प्रथम पुरुष)

उत्तर : म राम्ररी बोल्छु ।

(घ) हामी ज्यादै दुःखी छौँ । (द्वितीय र तृतीय पुरुष)

उत्तर : तिमीहरू ज्यादै दुःखी छौ । – द्वितीय पुरुष

उत्तर : उनीहरू ज्यादै दुःखी छन् । – तृतीय पुरुष

(ङ) तिमीहरू होहल्ला गर्दै छौ । (तृतीय र प्रथम पुरुष)

उत्तर : उनीहरू होहल्ला गर्दै छन् । – तृतीय पुरुष

उत्तर : हामी होहल्ला गर्दै छौँ । – प्रथम पुरुष

puspas.com.np

puspas.com.np

६. कोष्ठकमा बताएअनुसार दिइएका वाक्यहरु परिवर्तन गर्नुहोस् :

(क) तँ भात खान्छस् । (उच्च आदरार्थी)

उत्तर : तपाईं भात खानुहुन्छ ।

(ख) हजुर कहिले फर्किनुहुन्छ ? (सामान्य आदरार्थी)

उत्तर : तिमी कहिले फर्किन्छौ ?

(ग) तिमी सबैलाई चिन्छौ । (उच्च आदरार्थी)

उत्तर : तपाईं सबैलाई चिन्नुहुन्छ ।

(घ) ऊ प्रथम हुन्छ । (मध्यम आदरार्थी)

उत्तर : उनी प्रथम हुन्छन् ।

(ङ) धनीलाल गाउँमा बस्छ । (उच्च आदरार्थी)

उत्तर : धनीलाल गाउँमा बस्नुहुन्छ ।

puspas.com.np

**७. दिइएको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरणमा र अकरण भए करणमा परिवर्तन बदल्नुहोस् :**

उनीहरू प्रदर्शनीमा गए । हामी चाहिँ गएनौँ । तिमीहरू पनि गएनछौ नि । उनीहरूले धेरै स्थलहरूको भ्रमण गरेछन् । हामी त त्यत्तिकै बसिरहयौँ । नयाँ नयाँ कुराहरू पनि देखेनौँ ।

उत्तर :

उनीहरू प्रदर्शनीमा गएनन् । हामी चाहिँ गयौँ । तिमीहरू पनि गएछौ नि । उनीहरूले धेरै स्थलहरूको भ्रमण गरेनछन् । हामी त त्यत्तिकै बसिरहेनौँ । नयाँ नयाँ कुराहरू पनि देख्यौँ ।

puspas.com.np

८. कोष्ठकमा बताएअनुसार दिइएका वाक्यहरु परिवर्तन गर्नुहोस् :

(क) उनीहरु धेरै राम्रा छन् । (अकरण)

उत्तर : उनीहरु कत्ति पनि राम्रा छैनन् ।

(ख) तिमी कहिल्यै नराम्रो बोल्दैनौ । (करण)

उत्तर : तिमी सधैँ राम्रो बोल्छौ ।

(ग) आज धेरै जाडो होला जस्तो छ । (अकरण)

उत्तर : आज कत्ति पनि जाडो होला जस्तो छैन ।

(घ) पानी परेन र जाडो भएन । (करण)

उत्तर : पानी पर्‍यो र जाडो भयो ।

(ङ) उसले चिनेको मान्छे बाटोमा भेट्यो । (अकरण)

उत्तर : उसले नचिनेको मान्छे बाटोमा भेटेन ।

puspas.com.np

८. कोष्ठकका सहायताले तलका वाक्यहरु (काल, पक्ष, भाव, वाच्य र प्रेरणार्थ) परिवर्तन गर्नुहोस् :

(क) म घरमै बस्छु । (सामान्य भूत)

उत्तर : म घरमै बसें ।

(ख) हामी चिठी लेख्छौं । (अपूर्ण भूत)

उत्तर : हामी चिठी लेख्दै थियौं ।

(ग) तँ त्यहीं बस्छस् । (पूर्ण भूत)

उत्तर : तँ त्यहीं बसेको थिइस् ।

(घ) तिमीहरु गृहकार्य गर्छौ । (अभ्यस्त भूत)

उत्तर : तिमीहरु गृहकार्य गर्थ्यौ ।

(ङ) तपाईं पोखरा जानुहुन्छ । (अज्ञात भूत)

उत्तर : तपाईं पोखरा जानुभएछ ।

puspas.com.np

(च) उनीहरु बजार गएछन् । (सामान्य वर्तमान)

उत्तर : उनीहरु बजार जान्छन् ।

(छ) तिमी सधैँ डुल्थ्यौ । (अपूर्ण वर्तमान)

उत्तर : तिमी सधैँ डुल्दै छौ ।

(ज) नरेशले रुख ढाल्यो । (पूर्ण वर्तमान)

उत्तर : नरेशले रुख ढालेको छ ।

(झ) उहाँहरु यहाँ आउनुभयो । (सामान्य भविष्यत्)

उत्तर : उहाँहरु यहाँ आउनुहुने छ ।

(ञ) उनी गट्टा खेल्थिन् । (अपूर्ण भविष्यत्)

उत्तर : उनी गट्टा खेल्दै हुने छिन् ।

puspas.com.np

(ट) सानी पाठ पढ्थिन् ।  (पूर्ण भविष्यत्)

उत्तर : सानीले पाठ पढेकी हुने छिन् ।

(ठ) उनीहरु खेल खेल्छन् ।  (सम्भावनार्थ)

उत्तर : उनीहरु खेल खेल्लान् ।

(ड) तिमीहरु बजार गयौ ।  (आज्ञार्थ)

उत्तर : तिमीहरु बजार जाओ ।

(ढ) तपाईं मिठाई खानुहोला ।  (अनुरोधार्थ)

उत्तर : तपाईं मिठाई खानुहोस् ।

(ण) तँ फुटबल खेल्छस् ।  (इच्छार्थ)

उत्तर : तैँले फुटबल खेलेस् ।

(त) भाइहरु मिहिनेत गर्छन् ।  (प्रश्नार्थ)

उत्तर : भाइहरु मिहिनेत गर्छन् ?

puspas.com.np

(थ) मैले पर्यटकहरु देखें । (कर्मवाच्य)

उत्तर : मद्धारा पर्यटकहरु देखिए ।

(द) उनीहरु यतैतिर आऊन् । (भाववाच्य)

उत्तर : (उनीहरुद्धारा) यतैतिर आइयोस् ।

(ध) उनीहरुले घर बनाएका छन् । (कर्मवाच्य)

उत्तर : उनीहरुद्धारा घर बनाइएको छ ।

(न) तिमी कथाहरु पढौला । (प्रेरणार्थक)

उत्तर : गुरुले तिमीलाई कथाहरु पढाउनुहोला ।

(प) ऊ घरमै बसोस् । (प्रेरणार्थक)

उत्तर : रामले उसलाई घरमै बस्न लगाओस् ।

(फ) गुरुले तिमीलाई के के पढाउनुभएको छ ? (अप्रेरणार्थक)

उत्तर : तिमीले के के पढेका छौ ?

puspas.com.np

# उक्ति

कसैले व्यक्त गरेको भनाइ वा कथन नै उक्ति हो । कथन वा उक्ति दुई प्रकारका हुन्छन् :

१. प्रत्यक्ष कथन २. अप्रत्यक्ष कथन

१. प्रत्यक्ष कथन : कुनै वक्ताले व्यक्त गरेको भनाइलाई अर्को वक्ताले जस्ताको त्यस्तै गरी व्यक्त गर्नु नै प्रत्यक्ष कथन हो ; जस्तै : रामले भन्यो, "आज विद्यालय बन्द छ।"

२. अप्रत्यक्ष कथन : कुनै वक्ताले व्यक्त गरेको भनाइलाई अर्को वक्ताले जस्ताको त्यस्तै व्यक्त नगरी कथनलाई अर्थगत आधारमा फरक नपर्ने गरी आफ्नै शैलीमा प्रस्तुत गर्नु नै अप्रत्यक्ष कथन हो ; जस्तै : रामले आज विद्यालय बन्द भएको कुरा जानकारी गरायो ।

- ❖ पूर्णमानले भन्यो, "समाजको अवस्था दयनीय छ ।" (प्रत्यक्ष कथन)
- ✓ पूर्णमानले समाजको अवस्था दयनीय भएको कुरा बतायो । (अप्रत्यक्ष कथन)
- ✓ पूर्णमानले के भन्यो भने समाजको अवस्था दयनीय छ । (अप्रत्यक्ष कथन)
- ✓ पूर्णमानले समाजको अवस्था दयनीय छ भन्यो । (अप्रत्यक्ष कथन)
- ✓ समाजको अवस्था दयनीय छ भनी पूर्णमानले बतायो । (अप्रत्यक्ष कथन)
- ✓ पूर्णमानले समाजको अवस्था दयनीय भएको कुरा सङ्केत गऱ्यो। (अप्रत्यक्ष कथन)

puspas.com.np

# उक्ति (कथन वा भनाइ)

**१०. दिइएका कथनहरु प्रत्यक्ष वा अप्रत्यक्ष के हुन्, छुट्याउनुहोस् :**

(क) हामीले भन्यौं, "उनीहरु चाँडै आउँछन् ।"

उत्तर : प्रत्यक्ष कथन

(ख) मलाई दुई दिन बस्न राजनले आग्रह गन्यो ।

उत्तर : अप्रत्यक्ष कथन

(ग) तिमीले मलाई भन्यौ, "हामी त जाऔंला ।"

उत्तर : प्रत्यक्ष कथन

(घ) त्यो मानिस त्यस कामका लागि योग्य छ भन्ने सबैले बताए ।

उत्तर : अप्रत्यक्ष कथन

(ङ) मैले उसलाई धन्यवाद दिएँ ।

उत्तर : अप्रत्यक्ष कथन

(च) मैले भने, "उसले परीक्षामा राम्रो गरोस् ।"

उत्तर : प्रत्यक्ष कथन

puspas.com.np

२. दिइएका वाक्यहरुलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस् :

(क) पूर्णमानले भन्यो, "समाजको अवस्था दयनीय छ ।"

उत्तर : पूर्णमानले समाजको अवस्था दयनीय भएको कुरो बतायो ।

पूर्णमानले के भन्यो भने समाजको अवस्था दयनीय छ ।

पूर्णमानले समाजको अवस्था दयनीय छ भन्यो ।

समाजको अवस्था दयनीय छ भनी पूर्णमानले बतायो ।

पूर्णमानले समाजको अवस्था दयनीय भएको कुरो सङ्केत गऱ्यो ।

( नोट : माथिका सबै वाक्यहरु अप्रत्यक्ष कथनका हुन् । )

(ख) सन्तोषले गम्भीर हुँदै भन्यो, "नेपालमा विकासको नयाँ परिभाषा चाहिएको छ ।"

उत्तर : नेपालमा विकासको नयाँ परिभाषा चाहिएको छ भनी सन्तोषले गम्भीर हुँदै बतायो ।

(ग) सञ्जीवले चिन्ता मान्दै बोल्यो, "परिभाषा बदल्दैमा समाजको समस्या समाधान हुँदोरहेनछ।"

उत्तर : परिभाषा बदल्दैमा समाजको समस्या समाधान हुँदोरहेनछ भनी सञ्जीवले चिन्ता प्रकट गऱ्यो ।

(घ) विमलाले उत्साहका साथ भनी, "अब म पनि समाज परिवर्तनका लागि खटिन्छु ।"

उत्तर : विमलाले आफू पनि समाज परिवर्तनका लागि खटिने कुरा उत्साहका साथ व्यक्त गरी ।

puspas.com.np

**३. दिइएका अनुच्छेदलाई प्रत्यक्ष कथनमा बदल्नुहोस् :**

के गर्दै छ्यौ भनी आमाले छोरीलाई सोध्नुभयो । छोरीले वक्तृताका लागि सामग्री सङ्कलन गरिरहेको बताइन् । आमाले वक्तृताको विषयमा चासो राख्छु भन्नुभयो । छोरीले आमासँग नेपालको सिँचाइ स्थितिका बारेमा प्रश्न गरिन् ।

**उत्तर :**

आमाले छोरीलाई भन्नुभयो, "के गर्दै छ्यौ ?" छोरीले भनिन्, "वक्तृताका लागि सामग्री सङ्कलन गरिरहेकी छु ।" आमाले भन्नुभयो, "म पनि वक्तृताको विषयमा चासो राख्छु ।" छोरीले आमालाई भनिन्, "नेपालको सिँचाइ स्थिति कस्तो छ ?"